Interdisciplinary Research in Education
Volume 10, Issue 1, 2025: 151-160
DOI: https://doi.org/10.3126/ire.v10i1.86759

बहुभाषिक परिवेशमा भाषानीतिको प्रभावकारी कार्यान्वयन : चुनौती र रणनीति

सृजना देवी खड्का
त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, ताहाचल
Email: shrijanadevikhadka@gmali.com
ORCID: https//orcid.org/0009-0009-7265-4760

शब्दकुञ्जी

बहुभाषिक परिवेश, सन्दर्भसापेक्ष, संस्कार, समावेशिता, सहकार्य

लेखसार

स्थानीय भेषभूषा, संस्कार, संस्कृति, रितिरिवाज र चालचलन जोगाई भाषिक विविधताको संरक्षण र सम्बर्धन गरी देशको स्वाभिमान जोगाउनु राज्यको कर्तव्य हो । प्रस्तुत लेख बहुभाषिक परिवेशमा भाषानीतिको कार्यान्वयनमा देखिने चुनौती र समाधानका उपायहरूसँग सम्बन्धित छ । बहुभाषिक परिवेशका भाषानीतिगत प्रावधानहरू पहिचान गरी नेपालको सन्दर्भमा भाषानीति कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरूको खोजी गर्नु यस लेखको प्रमुख उद्देश्य हो । यस लेख गुणात्मक विधिको तुलनात्मक र समीक्षात्मक कार्यमा आधारित छ । यस अध्ययनमा विभिन्न देशहरूका बहुभाषिक भाषानीति कार्यान्वयनका अभ्यासहरू केलाई चुनौतीको पहिचान र समाधानका उपायको खोजी गरिएको छ । सन्दर्भसापेक्ष भाषानीति, सहभागीमूलक वातावरण र आवश्यक स्रोत उपलब्ध गराउन सकेमा बहुभाषिक परिवेशको भाषानीति कार्यान्वयनमा सहजता भई सामाजिक समावेशिता, शैक्षिक गुणस्तर र सांस्कृतिक पहिचानलाई सुदृढ बनाउन सकिन्छ । आर्थिक स्रोत जुटाउनका लागि सरकारी र गैरसरकारी स्तरका राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाको सहकार्यका साथै स्वयंसेवकको श्रमदान र स्थानीयको साथ सहयोगमा कम खर्चमा भाषिक नीतिलाई कार्यान्वयन गर्न सक्ने निष्कर्ष निकालिएको छ । अतः बहुभाषिक परिवेशको भाषिक नीति कार्यान्वयनका लागि सबै भाषा र जाति केन्द्रित संस्कृति, भेषभूषा, चाडपर्व जस्ता बहुज्ञान आदानप्रदान गर्ने भाषिक वातावरण निर्माण गरिनु आवश्यक छ । यस अध्ययनले बहुभाषिक परिवेशको भाषानीति र यससँग सम्बन्धित क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीलाई आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

परिचय

घर परिवार, समुदाय अथवा विद्यालयको दैनिक भाषिक व्यवहारमा दुई वा दुई भन्दा बढी भाषा प्रयोगको अवस्था रहनु नै बहुभाषिक परिवेश हो । विश्वभर करिब ७ हजार भाषा, भाषिका र बोली छन् तर तीमध्ये १० ठूला मुख्य भाषाको वर्चस्व करिब ७५ प्रतिशत छ । १० करोडभन्दा बढी मानिसले बोल्ने भाषा १५ वटा मात्र छन् । हजारौं भाषा लोपोन्मुख छन् । कतिपय भाषा बोल्ने वक्ताको अभावमा अभिलेखमा सीमित भइसकेका छन् । भाषा सामान्यतया दुई तरिकाबाट मर्छ । कुनै पनि भाषाका वक्ताहरूको सङ्ख्या जताततै विस्थापित भएर जाति भाषिक व्यक्ति नपाउँदा भाषा हराउँछ भने अर्कोमा वक्ता सङ्ख्याको वृद्धिदर घट्दै गई भएकाहरूले पनि आफ्नो भाषा बोल्न छाडेमा भाषा मर्छ । यसबाट प्रस्ट हुन्छ प्रयोग व्यवहार बिना भाषाको कुनै अस्तित्व हुँदैन । जब कोही पनि यसलाई बोल्दैन तब भाषा मर्छ (क्रिस्टल, सन् २०००) । भाषा, साहित्य समृद्ध हुँदाहुँदै पनि जीवन्त बन्न नसकेर 'मृतभाषा' को सङ्ख्या बढ्दो छ । यस्तो परिस्थितिलाई मध्यनजर गरी भाषाको संरक्षण, विकास र उत्थान गर्न विश्वका अधिकांश देशहरूले बहुभाषिक नीतिको अबलम्बन गरेका छन् । मातृभाषाको प्रयोगलाई प्राथमिकता दिँदै, शिक्षा, प्रशासन, र सांस्कृतिक पहिचानको संरक्षणमा योगदान दिएको पाइन्छ । विशेष गरी अफ्रिकाका ५५ मध्ये ३१ देशहरूले बहुभाषिक शिक्षा नीति अपनाएका छन्, जसमा स्थानीय भाषाहरूलाई प्रारम्भिक शिक्षाको माध्यमको रूपमा प्रयोग गरिन्छ (युनेस्को, सन् २०२५) । विषयवस्तुलाई विभिन्न मातृभाषाका माध्यमबाट बुझाउँदै दुई वा सोभन्दा बढी भाषाहरूलाई माध्यम बनाएर बालबालिकाहरूलाई शिक्षा प्रदान गर्नका लागि प्रत्येक राज्यले बहुभाषानीति कार्यान्वयनमा ल्याउनुपर्छ ।

बहुभाषिक परिवेशमा भाषानीति तय गर्दा समाजको भाषिक सन्दर्भलाई ख्याल गर्नुपर्दछ । भाषानीतिलाई भाषिक विचार, भाषिक नियम र अभ्यासका रूपमा पनि लिइन्छ । भाषालाई व्यवस्थित र प्रयोजनपरक तहबाट संयोजित तुल्याउन अपनाउने राज्यस्तरको कानुनी मान्यतालाई नीतिगत व्यवस्था भनेर बुझ्न सकिन्छ (पौडेल र भट्टराई, २०७७, पृ. १०) । भाषा नीतिले भाषा योजनालाई जनाउँछ जुन राष्ट्रको लागि सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक विकासको लागि चयन गरिएका भाषाहरूलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण मानिन्छ । सन् १९५० को दशकको सुरुमा न्यूयोर्कमा LP शब्द सम्भवतः पहिलो पटक भाषाविद् उरिएल वेनरेइचद्वारा प्रयोग गरिएको थियो । वेनरेइच आप्रवासी भाषाहरू र बोलीहरूको सन्दर्भमा एकअर्कासँग र अङ्ग्रेजीसँग अन्तरक्रियामा काम गरिरहेका थिए । उनको प्रसिद्ध कृति सम्पर्कमा रहेका भाषाहरू (वेनरेइच, सन् १९५३) ले द्विभाषी सञ्चारको बारेमा छलफल गऱ्यो जसमा विलुप्त हुँदै गइरहेको पहिलो भाषालाई प्रतिस्थापन गर्ने दोस्रो भाषासँग मिश्रण गर्ने रणनीति समावेश थियो । मानवशास्त्र र सैद्धान्तिक भाषाशास्त्रलाई जोड्दा वेनरेइचको सामाजिक घटना, भाषा र सञ्चारका पक्षहरू बीचको सम्बन्धको अवलोकनलाई तिखो बनायो । उनले उल्लेख गरे कि द्विभाषी समुदायका वक्ताहरूले आफ्ना भाषाहरू र बोलीहरूलाई अलग राख्दैनन् बरू उपलब्ध भाषिक सञ्चार रूपहरूको विशेषताहरूलाई मिश्रण गर्ने समग्र एकल प्रवीणताको रूपमा हाइब्रिड अन्तरभाषा उत्पादन गर्छन् । हाउगेनले भाषालाई प्रभाव पार्ने समाजको सबै हस्तक्षेपलाई समेट्नीएको बुझाइलाई विस्तार गरे । जर्मन भाषाविद् हेन्ज क्लोस (सन् १९६९) को कार्यमा ुस्थिति योजनाु शब्द थपिएपछि यसले समाजको कानुन र नियमहरू मार्फत भाषाहरूलाई भूमिका र कार्यहरू कसरी बाँडफाँड गर्छन् भनेर वर्णन गर्दछ । भाषा नीतिलाई आधिकारिक निर्णयहरू, भाषा शिक्षा र प्रयोगसँग सम्बन्धित प्रचलित सार्वजनिक प्रचलनहरूको संयोजनको रूपमा परिभाषित गर्न सकिन्छ (म्याकग्रोआर्टी, सन् १९९७) । संविधान, कानुन, नियम र प्रक्रियाहरू जस्ता आधिकारिक दस्तावेजहरूले भाषाप्रति शक्तिशाली समूह र व्यक्तिहरूको मनसायलाई प्रतिबिम्बित गर्दछ । स्पोल्सकी (सन् २००४) का दृष्टिमा भाषानीतिले भाषिक अभ्यास, विश्वास र समुदाय वा राज्यका भाषा सम्बन्धी निर्णयहरूलाई जनाउँछ । भाषा नीतिलाई भाषिक शक्तिमा आधारित विषयका रूपमा पनि व्याख्या गरिएको पाइन्छ । सडवेक (सन् २०१५) का दृष्टिमा भाषानीति एक किसिमको नीतिगत षड्यन्त्र जसले भाषाको संरचना, कार्य प्रयोगमा प्रभाव पार्दछ । विश्वका अधिकांश देशहरू बहुभाषिक प्रकृतिका छन्, जहाँ एकभन्दा बढी भाषा बोलिन्छ । एउटै समुदायमा

पनि विभिन्न भाषा बोल्ने भाषिक समुदायहरू अलग अलग छन् । भुसाल (सन् २०२४) का अनुसार नीति निर्माताले मूल भाषा, सरकारी कामकाजको भाषा, परिपूरक भाषा निर्क्योल गर्दाखेरी भाषाका हरेक कार्यमा धार्मिक, सांस्कृतिक एवं संस्कारगत पक्षको सबलतालाई हेर्नुपर्ने निष्कर्ष निकालिएको छ । यस्तो समाजमा भाषानीति बनाउँदा भाषिक विविधता, स्थानीय भाषाको संरक्षण, शिक्षामा भाषाको प्रयोग तथा राष्ट्रभाषाको भूमिकालाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । भाषा नीति तय गर्ने आधारलाई विचार गरी सन् १९०५ मा लेनिनग्राद विश्वविद्यालयका प्राध्यापक बुदउँ द कुर्तनेले सोभियत सङ्घबाट भाषा नीतिको अवधारणाको सुरुवात गरेका हुन् । सन् १९१३ मा एक पर्चामा बहुभाषिक गणराज्यमा बोलिने भाषाहरूले बराबर अधिकार हुनुपर्छ भन्ने धारणा राखेका थिए । कुर्तनेले रूसजस्तो बहुभाषिक मुलुकमा हरेक नागरिकले व्यक्तिगत जीवनयापन तथा सरकारी कामकाज संसद न्यायिक निकायहरूमा आफ्नो भाषा बोल्न पाउनुपर्छ भन्ने धारणा राखेका थिए । भाषा भनेको राष्ट्रको संस्कृति, सम्पदा, इतिहास, समाज र राष्ट्रिय अखण्डताको एक भाग हो । भाषा मार्फत, एक अद्वितीय विश्वदृष्टिकोण व्यक्त गरिन्छ र पहिचानलाई ढालिन्छ । भाषाले समुदायको विगत, वर्तमान र भविष्यलाई समेट्छ चाहे त्यो प्रार्थना, मिथक, आध्यात्मिक विश्वास, समारोह, कानुन, कविता, वक्तृत्व वा दैनिक अभिवादन, हास्य वा समुदायको मूल्यमान्यता मार्फत व्यक्त गरिएको होस् (ILO, सन् २००८, पृ. २) । संसारमा भएका भाषाहरूमध्ये शिक्षाको माध्यमको रूपमा केही प्रमुख भाषाहरू मात्र प्रयोग गरिन्छ । एर्जोज (सन् २००७) का अनुसार भाषासँग सम्बन्धित संवैधानिक प्रावधानहरू हुनुले आधिकारिक भाषा बाहेक अन्य अधिकारहरूलाई मान्यता दिँदैन । त्यसैले राज्यको नीतिगत व्यवस्थामा नै सबै भाषालाई स्थान दिने व्यवस्था हुनुपर्छ । भाषिक अधिकार भनेको आफ्नो मातृभाषा सिक्ने र प्रयोग गर्ने अधिकार हो (आर्जोज, सन् २००७) । यस विषयलाई विचार गरेर धेरैजसो संविधानहरूले भाषालाई राष्ट्रिय भाषाको रूपमा घोषणा गर्छन् । सरकार, राजनीतिक दल, भाषाविद्, भाषिक समुदाय र व्यक्तिको संलग्नतामा भाषा नीतिको निर्माण हुन्छ । भाषा नीतिको निर्धारणमा राज्यका आधिकारिक नियम, अन्तर्नित संयन्त्र, निश्चित प्रक्रिया, नीतिगत सन्दर्भ लगायतका पक्षले मुख्य भूमिका निर्वाह गरेको हुन्छ (भुसाल, सन् २०२४) । यसरी राष्ट्रिय भाषा नीतिमा केन्द्र सरकारले राष्ट्रिय, राज्य र सरकारी भाषाको रूपमा प्रयोग र प्रवर्द्धन गरिने भाषाहरूको छनोटको लागि नीतिगत बाटो खोलिदिने वातावरण तय गर्दछ ।

बहुभाषिक परिवेशमा सबै भाषा सक्षम र सबल नभएकाले भाषानीतिको कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखिन्छ । बहुभाषिक समुदायको अवस्था र परिस्थिति अनुरूप अलग अलग चुनौतीको सामना गर्नु पर्ने हुन्छ । नेपालको परिप्रेक्ष्यमा देखिएका चुनौती पहिल्याई समाधानका सान्दर्भिक उपाय खोजी गर्ने कार्यको अनुसन्धान अन्तराल पूरा गर्ने ध्येयमा यो अध्ययन केन्द्रित छ । त्यसैले बहुभाषिक परिवेशका भाषानीतिगत प्रावधानहरू पहिचान गरी नेपालको सन्दर्भमा भाषानीति कार्यान्वयनका मुख्य चुनौतीको खोजी गर्दै समाधानका उपायहरू पहिचान गर्नु यस अध्ययनको मुख्य समस्या हो ।

अनुसन्धान उद्देश्य

बहुभाषिक परिवेशका भाषानीतिगत प्रावधानहरू पहिचान गरी नेपालको सन्दर्भमा भाषानीति कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरूको खोजी गर्नु ।

अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यो अध्ययन तुलनात्मक र समीक्षात्मक कार्यमा आधारित छ । यस अध्ययनमा विभिन्न देशहरूमा बहुभाषिक भाषानीति कार्यान्वयनका अभ्यासहरू केलाई चुनौतीको पहिचान र समाधानका उपायको खोजी गरिएको छ । यस अध्ययनमा पुस्तकालय कार्यका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा दुई जना शिक्षक र एक जना अभिभावकसँग बेग्लाबेग्लै असंरचित अन्तर्वार्तामा सहभागी भई सहभागीका विचार लिइएको छ । द्वितीय स्रोतहरूमा पुस्तक, पत्रपत्रिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत प्रतिवेदनहरू, युनेस्को जस्ता विभिन्न देशका शिक्षा मन्त्रालयबाट प्रकाशित सामग्रीहरू प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनका

क्रममा प्राप्त तथ्यहरूलाई विभिन्न उपशीर्षकहरूमा राखी व्याख्या विश्लेषण गरिएको छ ।

परिणाम र छलफल

विभिन्न देशमा संवैधानिक भाषिक प्रावधान

रूसी संघको संविधान (सन् १९९३) मा भाषिक नीतिका सम्बन्धमा अनुच्छेद ६८ को उपधारा १ मा रूसी संघको सम्पूर्ण भूभागमा रूसी भाषा राज्यभाषा हुनेछ । उपधारा २ मा संघीय गणराज्यहरूलाई आफ्नै राज्यभाषा तोक्ने अधिकार हुनेछ । ती भाषा रूसी भाषासँगै सरकारी निकायहरू, स्थानीय शासन, र संस्थाहरूमा प्रयोग गर्न सकिने छन् । उपधारा ३ मा रूसी संघले सबै जनताको मातृभाषा जोगाउने र त्यसको अध्ययन तथा विकासका लागि आवश्यक अवस्था सिर्जना गर्ने ग्यारेन्टी गर्छ । अनुच्छेद २६ मा सांस्कृतिक र भाषिक अधिकार उल्लेख गरिएको छ । यसको उपधारा २ मा प्रत्येक व्यक्तिलाई आफ्नो मातृभाषा प्रयोग गर्ने, सञ्चार, शिक्षा, पालनपोषण, र सिर्जनात्मक कार्यका लागि भाषा स्वतन्त्र रूपमा छान्ने अधिकार हुने छ भन्ने उल्लेख गरिएको छ। रूसी संघको संविधानमा भाषासम्बन्धी अधिकारहरू स्पष्ट रूपमा उल्लेखित गरिएको छ। यसले नागरिकहरूलाई आफ्नो मातृभाषा प्रयोग गर्ने, शिक्षा प्राप्त गर्ने, र न्यायिक प्रक्रियामा सहभागी हुने अधिकार सुनिश्चित गर्दछ । राज्य भाषाको रूपमा रूसी भाषा प्रयोगमा ल्याएको देखिन्छ । गणराज्यहरूमा आफ्नै राज्यभाषा निर्धारण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । मातृभाषामा अध्ययन र संरक्षण गर्न पाउने अधिकार प्रदान गरी शिक्षा र सञ्चार क्षेत्रमा भाषाको स्वतन्त्र छनोटको अधिकार प्रत्यायोजन गरेको छ ।

पपुवा न्युगिनी संसारकै सबैभन्दा भाषिक रूपमा विविधता भएको देश हो । यस देशलाई असफ्य टापुहरूमा मातृभाषी छरिएर रहेको आर्थिक दृष्टिले निकै गरिब मुलुकका रूपमा चिनिन्छ । यहाँ ८५० भन्दा बढी भाषाहरू प्रचलनमा रहेका छन् । ती मध्ये टोक पिजन, अङ्गेजी र हिरो मोटुलाई आधिकारिक भाषा मान्ने नीति लिएको छ । यस देशमा भाषिक विकासको काम सन् १९८० दशकको मध्यतिरबाट भाषा नीति लागू भई १५ वर्षभित्र झन्डै ५०० मातृभाषामा प्राथमिक शिक्षा दिने व्यवस्था मिलाएको देखिन्छ । शिक्षा नीति र भाषा नीतिलाई सँगसँगै जोडेर लगेकाले छोटो समयमा बहुभाषिक नीति कार्यान्वयन गर्न सफल भएको देखिन्छ । बहुभाषिक शिक्षालाई बढावा दिनेको लागि त्रिभाषिक नीति (टोक पिजन, अङ्गेजी र हिरो मोटु) लाई अपनाएको छ । शिक्षाको माध्यममा टोक पिजन, हिरो मोटु र अङ्गेजीलाई स्थान दिएको पाइन्छ । पपुवा न्युगिनीको शिक्षा मन्त्रालयले हरेक वर्षको बजेटमा "Language बलम Curriculum Development" शीर्षकमा बजेट छुट्याउने गरेको छ । सन् 2000 को "Language Education Policy" कार्यान्वयनका लागि प्रारम्भिक कक्षाहरू (Grades ज्ञ-घ) मा मातृभाषा शिक्षाको व्यवस्था गर्न शिक्षक प्रशिक्षण, पाठ्यपुस्तक निर्माण, अनुवाद कार्य तथा सामग्री विकासका लागि खर्च व्यवस्थापन गरेको देखिन्छ । साथै त्रिभाषिक शिक्षाका लागि आर्थिक व्यवस्थापन गर्दा युनेस्कोको भाषा संरक्षण र शिक्षक तालिमका लागि सहयोग लिएको छ । त्यस्तैगरी अस्ट्रेलियन एडको शिक्षा कार्यक्रमका लागि बजेट सहयोग लिएको छ । स्थानीय भाषामा सिकाइ सामग्री निर्माणका लागि युनिसेफको सहयोग लिएको छ । यसरी विभिन्न अन्तर र्ाष्ट्रिय निकायहरूबाट प्राविधिक र वित्तीय सहायता लिएको देखिन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र सामुदायिक स्वयंसेवकहरू भाषिक विकास कार्यक्रममा श्रमदान र आर्थिक सहयोग गर्न जुटी सामुदायिक सहभागिता र स्रोत परिचालनलाई जोड दिएको देखिन्छ । यस्तो व्यवस्थाले भाषिक नीति कार्यान्वयनमा सफलता प्राप्त गर्न सकिने देखिन्छ । अतस् बहु स्रोतमा आधारित वित्तीय रणनीतिले बहुभाषिक परिवेशको भाषानीतिलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न सम्भव बनाएको छ ।

भारत पनि एक बहुभाषिक मुलुक हो । भारतमा सन् १९६१ मा १६५२ वटा मातृभाषा रहेका थिए । यहाँ सन् १९४९ मा हिन्दी भाषालाई राजभाषा (राष्ट्रभाषा) को दर्जा दिएको थियो । भारतमा संसदीय कार्यविधि अङ्गेजीमा गर्न सकिने व्यवस्था गरिएको छ । उपनिवेशीकरणपछि पनि अंग्रेजी भाषाले राष्ट्रभाषा हिन्दीको विकल्पको दर्जा पाएको देखिन्छ । भारतीय संविधानको आठौं अनुसूचीमा समावेश गरेका भाषाहरूलाई संवैधानिक भाषा मानेको छ । हिन्दी र

अङ्ग्रेजी, अनुसूचित २२ वटा भाषा र अन्य मातृभाषा गरी भारतको संविधानले भारतीय भाषाहरूलाई तीन भागमा वर्गीकरण गरेको छ । भारतमा राष्ट्रभाषाका रूपमा हिन्दी भाषालाई मात्र मान्यता दिएको छ । अंग्रेजी भाषा पनि संसदीय र औपचारिक काम गर्न सकिने प्रावधानमा राखेको छ । सबै मातृभाषालाई शिक्षा र सञ्चारका लागि सबल बनाउने नीति लिएको छ । भारतको संविधानको आठौं अनुसूचीमा परेका भाषाहरू बेग्ला बेग्लै राज्यका सरकारी कामकाजका रूपमा प्रयोग गर्ने बहुलवादी नीति अवलम्बन गरेको छ । सबै भाषाको वर्णमाला, व्याकरण, शब्दकोश बनाउँदै सबै भाषालाई लेख्य परम्परामा लैजाने नीति अवलम्बन गरेको छ । भाषाहरूमा आपसी समन्वय कायम गर्दै सबै भाषालाई उचित स्थान दिने व्यवस्था रहेको छ । भारतीय भाषा नीतिले यहाँका भाषाहरूलाई अनुसूचित र अननुसूचित गरी दुई भागमा विभाजन गरेको छ । भारतीय संविधान सन् १९५० को आठौं अनुसूचीमा १४ वटा भाषालाई अनुसूचित गरिएकोमा पछि थपेर सो संख्या २२ वटा पुर्‍याइएको देखिन्छ । भारतमा ४१ वटा मातृभाषामा शिक्षा दिने व्यवस्था रहेको छ । राजभाषाको दर्जा पाएको हिन्दी भाषालाई विशेष अधिकार दिएको छ । सोभियत सङ्कै मोडलका रूपमा भारतको भाषा नीतिलाई विद्वानहरूले लिएका छन् तर अल्पसङ्ख्यकले बोल्ने भाषाले न्याय पाएको देखिँदैन । भारतमा त्रिभाषिक सूत्र लागू भएतापनि राज्यअनुसार भिन्न अभ्यास हुँदै आएको देखिन्छ । कुनै प्रान्तले हिन्दी भाषा स्वीकार गर्ने गरेको देखिँदैन भने कुनै प्रान्तले मातृभाषाहरूलाई प्राथमिकता दिएको देखिन्छ । अभिभावकको अङ्ग्रेजी भाषाप्रति झुकावका कारणले मातृभाषा सिकाइका कार्यक्रमलाई दोस्रो दर्जामा राखेको देखिन्छ । भाषिक नीति, राष्ट्रिय एकता र सांस्कृतिक संरक्षणको स्पष्ट लक्ष्यमा आधारित हुनुपर्नेमा राजनीतिक सम्झौतालाई प्राथमिकतामा राखिएकाले चाहे अनुरुपको बहुभाषिक शिक्षा नीति कार्यान्वयनमा ल्याउन नसकेको देखिन्छ ।

नेपालको संवैधानिक भाषिक व्यवस्था नेपालको संविधान, २०७२ मा प्रस्ट रूपमा उल्लेख गरिएको छ । नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र भएकाले संविधानमा भाषिक विविधतालाई सम्मान गर्ने र संरक्षण गर्ने व्यवस्था गरिएको छ । भाषा आयोगको आठौँ प्रतिवदन अनुसार नेपालमा १२४ वटा मातृभाषाहरू सूचीकृत छन् । नेपालको संविधान २०७२ को धारा ६ मा राष्ट्रको सबै भाषा राष्ट्रिय भाषा हुन् भन्ने कुरा उल्लेख गरिएको छ र धारा ३२ मा मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरिएको छ । संविधानको धारा ६ मा नेपालमा सबै नेपाली जनताको साझा भाषा नेपाली भाषा राष्ट्रभाषा हुनेछ । त्यस्तै धारा ७ अनुसार संघको कामकाजको भाषा नेपाली हुनेछ भन्ने उल्लेख गरिएको छ । प्रदेश सरकारले एक वा बढी मातृभाषालाई आधिकारिक कामकाजको भाषा तोक्न सक्नेछ तर त्यसको विवरण प्रदेश कानुनमार्फत गर्नुपर्नेछ ।प्रदेशले आफ्नो क्षेत्रको भाषिक विविधता अनुसार मातृभाषालाई पनि अपनाउन सक्ने व्यवस्था गरेको छ । धारा ३२ र ५१ (घ) ९३० अनुसार प्रत्येक नागरिकलाई आफ्नो मातृभाषा सिक्ने र संस्कृति संरक्षण गर्ने अधिकार प्रदान गरेको छ । भाषिक विविधताको संरक्षणका विषयमा धारा ३१ ९५० मा प्रत्येक नागरिकलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार हुनेछ भन्ने उल्लेख गरिएको छ । यसले मातृभाषाको संरक्षण मात्र होइन, त्यसको प्रयोग शिक्षामा पनि सुनिश्चित गरेको देखिन्छ । मातृभाषाको सम्मान र संरक्षणमा पनि महत्त्वपूर्ण नीति तय गरेको देखिन्छ । संघमा नेपाली भाषा आधिकारिक हो भने प्रदेशले आफूअनुसार भाषिक निर्णय लिनपाउने वैधानिक बाटो खुला गरेको देखिन्छ । यसले नेपालमा भाषिक समानता र सांस्कृतिक अधिकार सुनिश्चित गर्ने प्रयास गरेतापनि वैज्ञानिक भाषिक नीति छनोट गरेर आदिवासी जातीय समूदाय स्वयम् लाई सचेत गराउन नसकेको देखिन्छ ।

रूस, पपुवा न्युगिनी, भारत र नेपालजस्ता बहुभाषिक परिवेशमा भाषानीतिको कार्यान्वयनका क्रममा देखिने प्रमुख चुनौतीहरू निम्नानुसार छन् :

भाषिक विविधताको संरक्षण गर्ने स्पष्ट नीतिको व्यवस्थापनमा कठिनाइ

एउटै समुदायमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने गर्दछन् । विभिन्न जातजातिको आफ्नै भाषा, धर्म, संकार, चालचलन रहेको देखिन्छ । एउटा समुदायमा विविध भाषाभाषीका वक्ता बसोबास गर्ने भएकाले शिक्षा र प्रशासनिक क्षेत्रमा मातृभाषाको

व्यवस्थापन गर्न कठिनाइ देखिन्छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछन् स् “मातृभाषामा शिक्षा पाउने व्यवस्था आफैँमा सुनौलो अवसर भएतापनि बहुसफ्यक वक्ताले बोल्ने भाषालाई स्थान दिएर स्थानीय सरकारको प्रशासनिक भाषा र शिक्षाको माध्यम भाषा छनोट गर्नुपर्नेमा राजनैतिक हस्तक्षेप हावी रहेको छ”। अतस् भाषिक नीति निर्धारण गर्दा जनसफ्या र भाषिक वक्ता, एकल र बहुल समुदायको भाषिक स्थितिको अध्ययन, समग्र शिक्षाको माध्यमका रूपमा विकसित भएको भाषा, सरकारी कामकाजमा प्रयोग हुँदै आएको भाषा, सम्पर्कको प्राथमिकतामा परेको भाषा, साहित्यको विकास भएको भाषा, लेखनमा स्तरीयता कायम भएको भाषा, लोक व्यवहारमा प्रचलित भएको भाषा, शिक्षा र शिक्षणमा रहेको भाषा जस्ता आधार तय गरी अध्ययन गरेर व्यापक जनचेतना जगाई सरोकारवाला पक्षबाट सुझाव सङ्कलन गरी भाषिक नीति तय गर्नुपर्ने देखिन्छ। उचित वातावरण तयार नगरी हचुवाको भरमा स्थानीय मातृभाषामा शिक्षा दिने नीति लागु भएको देखिन्छ । धेरै मातृभाषाको वर्ण, लिपि, शब्दकोश, व्याकरण, साहित्य सिर्जना जस्ता संरचनागत आधार निर्माण नभइसकेकाले भाषिक नीति कार्यान्वयनगत चुनौतीको रूपमा देखिएको छ । स्पष्ट नीतिगत रूपमा भाषाको माध्यम छनोट गर्ने आधार तयार नगर्दा निजी र सामुदायिक विद्यालयमा एक किसिमको खाडल चुनौतीका रूपमा खडा भएको देखिन्छ । बहुभाषिक परिवेशको प्रशासनिक निकायमा विविध भाषाभाषीको सम्बोधन गर्न नसक्नु पनि ठूलो चुनौतीको रूपमा देखिएको छ । यस सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछन् स् “सरकारी कार्यालयमा स्थानीय भाषालाई कामकाजको भाषामा अनुवाद गर्ने मानिस छैनन्” । यसरी जनशक्तिको अभावका कारण नीतिको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको देखिन्छ । त्यसैले योजनाबद्ध रूपमा चरणगत हिसाबले कार्यान्वयन क्षेत्र विस्तार गर्नु आवश्यक देखिन्छ ।

नीतिगत अस्पष्टता र सामाजिक चुनौती

बहुभाषिक समाजमा मातृभाषाको प्रयोगलाई प्राथमिकता दिँदै शिक्षा, प्रशासन र सांस्कृतिक पहिचानको संरक्षणमा जोड दिनु पर्छ । यस्तो परिवेशमा एकभन्दा बढी भाषाको प्रयोग गर्ने अवसर प्राप्त हुन्छ । बहुभाषिक परिवेशका मुलुकले संविधानमा मातृभाषाको संरक्षण र प्रवर्द्धनको व्यवस्था गरे तापनि कार्यान्वयन तहमा स्पष्ट मार्गनिर्देशन र दृढ इच्छाशक्ति अभाव देखिन्छ । यस सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछन् स्“सरकारी कामकाजको भाषा छनोट गर्दा पहिचान कायम राख्ने सामाजिक चुनौती समस्याको रूपमा देखिएको छ” । यसरी विविध भाषिक समुदायको क्षेत्रमा भाषिक व्यवहार छनोट गर्दा पहिचान जोडिएकाले निष्पक्ष रूपमा भाषा छनोट गर्न सक्ने वातावरण निर्माण नहुनु पनि चुनौतीको रूपमा देखिन्छ । राजनैतिक पूर्वाग्रहले समाजका सबै भाषाप्रति गर्व र अपनत्व हुन नसकेको देखिन्छ । नीतिगत अस्पष्टताका कारण भाषा छनोटमा राजनैतिक दबाब मुख्य सामाजिक चुनौतीको रूपमा देखिएको पाइन्छ ।

शिक्षा प्रणालीको भाषाको माध्यममा देखिएको चुनौती

बहुभाषिक परिवेशको शिक्षा नीतिलाई प्रभावकारी बनाउन शिक्षाको माध्यमलाई नीतिगत रूपमै एकरूपता कायम गर्नुपर्ने देखिन्छ । राज्यले भाषिक नीतिमा उल्लेख गरेका कुरा निजी र सामुदायिक विद्यालय शिक्षामा कार्यान्वयनको अवस्था भिन्न भिन्न किसिमको छ । बहुभाषिक शिक्षणको मर्म नबुझी अङ्ग्रेजी माध्यमप्रति आकर्षण बढेकाले समस्या सिर्जना भएको देखिन्छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछन् : “एउटै छाना मुनि रहेका एउटै कक्षाका विद्यार्थी बिचमा पनि अङ्ग्रेजी माध्यम र नेपाली माध्यममा पठन पाठन हुने प्रवृत्तिले विद्यार्थी बिचमा सामाजिक र मनोवैज्ञिक विभेदको सिर्जना गरेको छ”। विभेदरहित वातावरणमा सबै भाषाको संरक्षण गर्ने उदार सोच लिनुपर्नेमा एकल रूपमा अङ्ग्रेजी भाषा प्रयोगको प्रभुत्व कायम देखिन्छ । मातृभाषामा शिक्षा दिने संवैधानिक व्यवस्था भएतापनि नीतिगत कार्यान्वयन पक्ष चुनौतीको रूपमा देखिएको छ । रोजगारीका अवसर प्राप्त हुन नसकेको कारणले समाजमा भाषिक नीति जे जस्तो कायम भएतापनि कार्यान्वयन पक्षमा चुनौती देखिएको छ । निजी विद्यालयको अन्धानुकरण गरी शिक्षाको माध्यम अङ्ग्रेजी प्रतिको मोहले बहुभाषिक परिवेशको शिक्षा नीति नै एउटा बहसको विषय बन्नु चुनौतीको रूपमा देखिएको छ । विश्वव्यापी सन्दर्भलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय भाषा, सम्पर्क भाषा र मातृभाषाको माध्यमबाट शिक्षाको माध्यममा एकरूपता कायम गर्न नसक्नु चुनौतीको रूपमा देखिएको छ ।

स्रोत साधनको अभाव

कुनै पनि भाषालाई शक्तिशाली बन्नका लागि उपलब्ध स्रोत साधनले धेरै भूमिका खेलेको पाइन्छ । भाषा योजनाको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने शक्ति सम्पन्न तथा अधिकार प्राप्त व्यक्तिहरू योजनाकार हुन्छन् । यसको प्रत्यक्ष प्रभाव आर्थिक विनियोजनमा पर्छ । भाषा प्रयोगको स्थिति हेरी लोपोन्मुख भाषाको पुनरूत्थान गर्न त्यस भाषाको वर्ण, व्याकरण, शब्दकोश, साहित्यिक लेख रचना प्रकाशन, पत्रपत्रिका प्रकाशन गर्न दिगो बजेटको आवश्यकता पर्दछ । मातृभाषामा शिक्षाको माध्यम नीति कार्यान्वयन गर्न तालिम प्राप्त शिक्षक, पाठ्यपुस्तक, अनुवाद सामाग्री, प्रशस्त विद्युतीय सामग्रीको सुविधाको आवश्यकता पर्दछ। यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछन् : "सरकार परिवर्तनसँगै बजेट वा स्रोतको उचित व्यवस्थापनमा हेरफेर गर्ने परिपाटीले स्थानीय भाषा पाठ्यक्रम निर्माणमा जटिलता थपिने परिपाटी छ" । यसरी भाषिक नीति समाजिक समस्याको समाधान गर्ने एउटा पाटो हुनुपर्नेमा राज्यको शक्तिका आधारमा भाषिक नीति अड्केकाले कार्यान्वयनमा जटिलता पैदा भएको देखिन्छ। गिरी (सन् २०१०) का अनुसार "सबै भाषाप्रति समान दृष्टिकोण राख्ने नीति भएतापनि विभिन्न भाषाको संरचनागत एवं स्थलगत विकासका निम्ति विभिन्न कार्य गरी जनस्तरको जागरणलाई जोड दिनुपर्ने बताएका छन्" । वित्तीय व्यवस्थापनको कारणले जनशक्ति र स्रोत सामग्रीको अभावमा भाषिक नीतिमा उल्लेखित भाषाले पनि प्रशासनिक क्षेत्रमा सफल सम्बोधन हुने वातावरण प्राप्त गर्न नसकेको देखिन्छ । आर्थिक स्रोतको व्यवस्थापनगत जटिलताले सबै भाषाको कार्यान्वयनमा स्पष्ट प्राथमिकता निर्धारण गर्न कठिनाइ भएको पाइन्छ। यसरी भाषिक नीतिलाई प्रभाव पार्ने संयन्त्रका रूपमा स्रोत सामग्रीको अभाव पनि चुनौतीको रूपमा देखिएको छ ।

प्रभावशाली भाषाप्रति आकर्षण

समाजमा अधिक वर्चस्व राख्ने भाषाप्रति अल्पसंख्यक भाषाभाषीहरूको बढ्दो आकर्षण देखिन्छ । आफ्नै भाषामा शिक्षार्जन गर्न हिचकिचाउँने अवस्था देखिन्छ। आफ्नो मातृभाषाप्रति अपनत्वको भाव दर्शाउन नसक्नुलाई भाषिक नीति कार्यान्वयनगत चुनौतीको रूपमा लिन सकिन्छ । बालबालिकाको संज्ञानात्मक पक्षलाई वेवास्ता गरी रोजगारी र व्यावसायिक अवसरहरू प्राप्त हुने भाषाप्रति अभिभावक र विद्यार्थीको आकर्षण देखिन्छ । बालबालिका समेत अङ्ग्रेजी माध्यमप्रति आकर्षित छन् । सानैदेखि अङ्ग्रेजी सिकेमा पछि विदेश जान सहज हुन्छ भन्ने भ्रम छ । यस सन्दर्भमा सहभागी अभिभावक एक भन्दछन् स् "आफ्नो भेषभूषा, खानपान, संस्कार, संस्कृति जोगाउन मातृभाषामा शिक्षा आवश्यक रहेता पनि समयको मागले शक्तिशाली भाषामा दक्षता विकास गर्नु अत्यावश्यक छ । आफूले भाषाको कारणले दुख पाएकाले छोराछोरीको राम्रो भविष्य बनाउन अङ्ग्रेजी माध्यममा पढाइहुने विद्यालयमा पढाएको छु" । यसबाट प्रष्ट हुन्छ कि राज्यले तय गरेको भाषिक नीति कार्यान्वयनमा सफलता प्राप्त नसक्नु अर्को चुनौतीको रूपमा रहेको देखिन्छ । रोजगारीको अवसर प्राप्त गरी सहज जीवनयापन गर्ने अभिलाषाले प्रभावशाली भाषाप्रति अभिभावक र विद्यार्थीको आकर्षण देखिन्छ।

समाधानका उपायहरू

समावेशी र सन्दर्भ आधारित भाषानीति निर्माण

बौद्धिक जमातले स्थानीय स्तरमा छलफल र बहस गरी स्थानीय सन्दर्भअनुसार नयाँ र लचिलो भाषानीति बनाउनुपर्छ । सचेतना विकास गरी भाषिक विविधता स्वीकार गरेर स्थानीय तहमा कार्यान्वयनको स्पष्ट खाका प्रस्तत गर्नुपर्छ। विश्व बजारमा एक छत्र राज गर्न सफल अङ्ग्रेजी भाषालाई समेत मध्यनजर गरी विद्यालय शिक्षामा अङ्ग्रेजी भाषा, सम्पर्क भाषा नेपाली र स्थानीय मातृभाषा गरी त्रैभाषिक नीतिलाई अवलम्बन गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थमा विद्यालय शिक्षामा आधारभूत तहमा नीतिगत रूपमा स्पष्ट उल्लेख गरी विज्ञान, गणित र अंग्रेजी विषय अंग्रेजी भाषामा स्थानीय विषय स्थानीय मातृभाषामा र बाँकी अन्य विषय सम्पर्क भाषा नेपाली छनोट गरी एकरूपता कायम गर्नुपर्ने देखिन्छ। यसका लागि राज्यले व्यक्तिको मातृभाषा अनुरूप भाषा छनोट गर्न पाउने अधिकारको सुनिश्चित गर्नु पर्ने देखिन्छ । भाषा नीति अनुसार प्राथमिकतामा परेका भाषाको लिखित पाठ्यपुस्तक र पाठ्यसामग्रीहरू तयार पारी शिक्षकलाई तालिम दिएर मातृभाषा पठनपाठनको व्यवस्था गर्नु पर्ने देखिन्छ।

मातृभाषामा प्रारम्भिक शिक्षा

बहुभिक परिवेशका मुलुकले बालबालिकाको संज्ञानात्मक, मनोवैज्ञानिक र सामाजिक पक्षको विकासका लागि मातृभाषामा प्रारम्भिक शिक्षा दिनु उपयुक्त मानिन्छ। प्रारम्भिक तहको शिक्षा मातृभाषामा दिने व्यवस्थाले सिकाइको गुणस्तरमा वृद्धि गर्छ (युनेस्को, २००३) । त्यसका लागि शिक्षक तालिम, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शब्दकोश, शैक्षिक व्याकरण निर्माण, विद्युतीय सामग्रीमा स्थानीय मातृभाषाको प्रयोगमा विस्तार जस्ता विविध क्षेत्रमा द्रुतगतिमा लगानी गर्नुपर्ने देखिन्छ । रिमाल (२०७४) ले प्राथमिक तहमा भाषिक विविधताको सम्बोधन हुनुपर्ने कुरालाई जोडदिएका छन् । भाषिक पहिचानलाई जोडेर होइन घर परिवारमा प्रयोग हुने भाषिक आधारलाई जोडेर मातृभाषामा प्रारम्भिक शिक्षा प्रदान गर्नु उपयुक्त मानिन्छ । सर्वप्रथम स्थानीय स्तरमा जनचेतना फैलाएर नीजि र सरकारी विद्यालयमा एकरूपता कायम गरी मातृभाषामा प्रारम्भिक शिक्षा दिने व्यवस्था कायम गर्नु पर्ने देखिन्छ ।

स्थानीय सरकारको सक्रिय भूमिका

संघीय व्यवस्थामा स्थानीय तहहरू भाषानीतिको कार्यान्वयनका लागि महत्त्वपूर्ण क्षेत्र मानिन्छ । स्थानीय सरकारको सक्रियतामा मातृभाषामा शिक्षा र प्रशासनिक सेवा दिन सक्ने वातावरण बनाउनुपर्छ । भाषिक सामाजिक सांस्कृतिक विविधताले विश्व समुदायलाई अझ रङ्गीबिरङ्गी बनाएकाले स्थानीय समुदायको मौलिक ज्ञान, सीप र कलालाई एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण गर्नका लागि स्थानीय सरकारले दायित्व बहन गर्नुपर्ने देखिन्छ । स्थानीय स्वयंसेवक अभिभावकको सहयोगले विविध समुदाय अनुकूल विद्यालयमा आआफ्नै मातृभाषामा अध्ययन गर्न पाउने अधिकारलाई प्रभावकारी बनाउन सकिन्छ । विषय विज्ञको रूपमा त्यस भाषाको प्रयोग गर्ने शिक्षित व्यक्तिलाई छनोट गर्न सकिन्छ ।

जनचेतना अभिवृद्धि

मातृभाषाप्रतिको गर्व र अपनत्व बढाउन लागि समुदायमा सकारात्मक चेतना विकास गर्नुपर्छ । धेरैजसो भाषिक विवादहरू गलत बुझाइ वा भ्रमका कारण उत्पन्न हुन्छन् । जनचेतनाले बहुभाषिकताको फाइदा बुझाउन मद्दत गर्छ जसले जातीय वा भाषिक विवाद न्यूनीकरण गर्छ । जनचेतनाले समुदायलाई आफ्नै मातृभाषा प्रयोग गर्न हौसला दिन्छ । जनचेतनाको अभावले सूचना, सञ्चार, विज्ञापन र सार्वजनिक स्थल, साइनबोर्ड र गाडीमा समेत अङ्ग्रेजी भाषाको प्रयोग देखिन्छ । जनचेतनाले नै विद्यालय, प्रशासन, मिडिया आदिमा स्थानीय भाषा प्रयोग गर्न सकिने वातावरण तयार हुन्छ । त्यसैले बहुभाषिक परिवेशमा भाषानीति सफलतापूर्वक कार्यान्वयन गर्न जनस्तरमा चेतनाको विकास गर्नु अनिवार्य मानिन्छ ।

प्रविधिको उपयोग

प्रविधिको प्रयोगले सूचना र सेवाहरूलाई विभिन्न भाषामा उपलब्ध गराउन सजिलो बनाउँछ । भिडियो, अडियो र ई–बुकहरू मातृभाषामा उपलब्ध गराउन सकिन्छ । स्थानीय भाषामा लर्निङ एपहरू निर्माण गर्न सकिन्छ । सरकारी सूचना, फर्म, सेवा प्रणाली आदिमा बहुभाषिक विकल्प राखेर नागरिकलाई मातृभाषामा सेवा प्राप्त गर्न सकिने वातावरण बनाउँछ। लोपोन्मुख भाषाहरूलाई डिजिटल माध्यममा अभिलेख गर्न सकिन्छ । सामाजिक सञ्जाल, भिडियो प्लेटफर्म, र मोबाइल एपहरूमा बहुभाषिक सामग्री राखेर धेरै मानिससम्म सजिलै सन्देश पुऱ्याउन सकिन्छ । यसरी प्रविधिको प्रयोगले बहुभाषिक परिवशको भाषानीति कार्यान्वयनमा सहज हुने देखिन्छ ।

निष्कर्ष

स्थानीय भेषभूषा, संस्कार, संस्कृति, रितिरिवाज र चालचलन जोगाई भाषिक विविधताको संरक्षण र सम्बर्धन गरी देशको स्वाभिमान जोगाउनु राज्यको कर्तव्य हो । हरेक राज्यले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र परिस्थितिजन्य अवस्थालाई मध्यनजर गरी भाषा योजना बनाउनुपर्छ। भाषा प्रयोगमा व्यापकता ल्याउनका लागि सञ्चार माध्यम, विज्ञापन, सामाजिक सञ्जाल जस्ता क्षेत्रमा व्यापक प्रयोग हुनुपर्ने देखिन्छ । यसका लागि अल्पसंख्यक भाषाहरूको माध्यमबाट शिक्षा, सञ्चार, अदालत सार्वजनिक मिडिया जस्ता क्षेत्रमा सेवा सुनिश्चित गर्ने वातावरण तयार गर्नुपर्छ । अतस् भाषिक विविधताको संरक्षण गर्नका लागि शिक्षा नीतिसँग भाषा नीति जोडेर संविधानसम्मत नयाँ स्पष्ट भाषिक नीति तय गरी सहज कार्यान्वयन गर्ने अनुकूल

वातावरण निर्माण गर्नुपर्छ । यसका लागि सरकारी तथा गैरसरकारी निकाय र स्थानीय सरोकारवालाको सहकार्यमा नयाँ योजना निर्माण गरी ठोस कार्यभार दिएर स्थानीय जनसमुदायलाई अपनत्व प्रदान गर्नु पर्ने देखिन्छ। यसरी सन्दर्भसापेक्ष भाषानीति, सहभागीमूलक वातावरण र आवश्यक स्रोत उपलब्ध गराउन सकेमा बहुभाषिक परिवेशको भाषानीति कार्यान्वयनमा सहजता भई सामाजिक समावेशिता, शैक्षिक गुणस्तर र सांस्कृतिक पहिचानलाई सुदृढ बनाउन सकिन्छ । आर्थिक स्रोत जुटाउनका लागि सरकारी र गैरसरकारी स्तरका राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाको सहकार्यका साथै स्वयंसेवकको श्रमदान र स्थानीयको साथ सहयोगमा कम खर्चमा भाषिक नीतिलाई कार्यान्वयन गर्न सक्ने निष्कर्ष निकालिएको छ । अतस् बहुभाषिक परिवेशको भाषिक नीति कार्यान्वयनका लागि सबै भाषा र जाति केन्द्रित संस्कृति, भेषभूषा, चाडपर्व जस्ता बहुज्ञान आदानप्रदान गर्ने भाषिक वातावरण निर्माण गरिनु आवश्यक छ।

सन्दर्भ सामग्री

गिरी, जितेन्द्र देव (सन् २०१०), *नेपालको भाषा नीति,* त्रिभुवन युनिभर्सिटी जर्नल, भोलम. XXVII, नम्बर १/२, पृपृ. १८९–२०२ ।

नेपाल भ्युज, विश्वमा कुन भाषाको वर्चस्व कति ? https;|/www.nepalviews.com/2024/04/20f|268179/

पौडेल, राजेन्द्र प्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजनाको आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

भुसाल, केशव (सन् २०२४), भाषानीतिको आधारभूत अवधारणा, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* भोलम ९, नम्बर–१, पृपृ. ३५–४८ ।

भुसाल, केशव (३ असार, २०८२), भाषा योजनको परिचय, *पावर पोइन्ट,* त्रि. वि., कीर्तिपुर ।

भुसाल, मिना (सन् २०२४), नेपाली भाषानीति कार्यान्वयनको अवस्था, *ओखलढुङ्गा पियरली रिभ्यु जर्नल,* वर्ष १, भोलम १, पृपृ. २६–३९ ।

ओझा, रामनाथ (१ असार, २०८२), भाषा योजनको लक्ष्यरउद्देश्य, *पावर पोइन्ट,* त्रि. वि., कीर्तिपुर ।

रिमाल, डिल्लीराम (२०७४), *सामुदायिक विद्यालयका प्रथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको विश्लेषण,* हिमालय प्रिन्टिङ्ग अफसेट प्रेस ।

Arna, R. & Sultana, C. (2022). *An Overview on the National Language Policy of Bangladesh: Language Manipulation in* Different Realms by the Indigenous Community. Journal for Research and professional 0f English Language Teaching, vol.6 https://doi.org/10.54850/jrspelt.6.29.02

Brecht, R. and Walton, R. (1993) *National Strategic Planning in Languages*. Baltimore, MD: Johns Hopkins.

Constitution of the Independent State of Papua New Guinea. (1975).Retrieved from https://www.wipo.int/edocs/lexdocs/laws/en/pg/pg014en.pdf

Constitution of Nepal, 2015 (2072). (2015). *The Nepal Gazette*. Government of Nepal. Retrieved from https://www.lawcommission.gov.np/en/archives/category/documents/prevailing-law/constitution/constitution-of-nepal

Constitution of the Russian Federation. (1993). *Article 26 & Article 68*. Retrieved from https://www.constituteproject.org/constitution/Russia_2014.pdf?lang=en

Cooper, R. L. (1989). Language planning and social change. New York: Cambridge University Press.

Department of Education, Papua New Guinea. (2003). *Language policy in all schools*. Government of Papua New Guinea.

Kloss, H. (1969) Research Possibilities on Group Bilingualism. Quebec: Center for Research on Bilingualism.

Lambert. R and Shohamy E (Eds)Language Policy and Pedagogy (pp.1-41) John benjamins publishing.

McGroarty, M. (1997) Language policy in the USA. In W. Eggington and H. Wren (eds.) Language Policy (pp. 1-29). Amsterdam: Benjamins.

National Education Policy (2010). Ministry of Education. Government of the People's Republic of Bangladesh

Noonan, Michael. (2005). Language documentation and language endangerment in Nepal. http://www.uwm.edu/~noonan

People's Republic of Bangladesh. The Constitution of People's Republic of Bangladesh (as modified up to 2017), Article 3, P 3.

Robert H. Robins and Eugenius M. Ulhenbeck, eds. Endangered Languages. Oxford/New York: Berg. Pp1-18

Roy, D. R. (2006). The ILO Convention on Indigenous and Tribal Populations, 1957 and the laws on Bangladesh: A Comparative Review. Dhaka: ILO.

Retrieved from https://www.education.gov.pg/quicklinks/documents/education-policies/language-policy-in-all-schools.pdf

Shohamy. E. (2006). *Language policy Hiden agendas and new approaches*. Routledge.

Somare, M. (2005). *Leadership and language: PNG's cultural identity. Journal of Pacific Studies*, *28*(2), 45–53.

Spolsky, B. (2004). *Language Policy*. Cambridge University Press.

Spolsky. B. and Shohamy. E. (2000). *Language Practice, Language Ideology,* and Language Policy.

Sultana, N. (2011). Indigenous languages in the secondary curriculum in Bangladesh: a study in Khagrachari district.

UNESCO. (n.d.). *Atlas of the world's languages in danger*. United Nations Educational, Scientific and Cultural Organization. Retrieved from http://www.unesco.org/languages-atlas/

UNESCO report, *Languages matter: Global guidance on multilingual education*, released on International Mother Language Day on 21 February 2025

Wurm, Stephen. 1991. 'Language death and disappearance: causes and circumstances.' In

Yadav Yogendra. 2004. Pattern of Language Endangerment in Nepal in Population Monograph of Nepal 1:137-172.